14 nov 2024

**आकाशवाणी**

**मुख्य समाचार**

- **प्रधानमन्त्रीलाई डोमिनिकाले सर्वोच्च राष्ट्रिय सम्मान "डोमिनिका अवार्ड अफ अनर" प्रदान गर्ने**
- **जनजातीय गौरव दिवसको अवसरमा राष्ट्रपतिले सन्देश दिनुहुने अनि  प्रधानमंत्रीले विकास योजनाहरूको उद्घाटन गर्नुहुने;**
- **43औं भारत अन्तर्राष्ट्रिय व्यापार मेला दिल्लीमा आजबाट सुरु;  मेलामा चीन इजिप्ट र अन्य 11 देश सहभागी हुने**
- **महाराष्ट्रमा चुनाव प्रचार तिव्र गतिमा; सबै पार्टीका वरिष्ठ नेता अहिले आफ्नो उम्मेदवारका लागि मैदानमा ओर्लिएका छन्**
- **breaking Barrier र brezzing gaps को नाराको साथ आज पालन भयो विश्व मधुमेह दिवस**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले आज भारतको पहिलो प्रधानमन्त्री पंडित जवाहरलाल नेहरूलाई उहाको जन्मजयन्तीको अवसरमा श्रद्धाञ्जली अर्पण गर्नुभएको छ। उहाले  सामाजिक सञ्जालमा एक पोस्ट गर्दै पूर्वप्रधानमन्त्री पंडित  नेहरूलाई सम्झिनु भएको हो।

**प्रधानमन्त्री नरेन्द्र मोदीलाई डोमिनिकाले सर्वोच्च राष्ट्रिय सम्मान "डोमिनिका अवार्ड अफ अनर" प्रदान गर्ने**

डोमिनिकाले प्रधानमन्त्री श्री नरेन्द्र मोदीलाई आफ्नो सर्वोच्च राष्ट्रिय सम्मानले सम्मानित गर्ने घोषणा गरेको छ। कोभिड महामारीका बेला डोमिनिकालाई सहयोग पुर्याउँदै द्विपक्षीय सम्बन्धलाई सुदृढ बनाउन योगदान दिएबापत प्रधानमन्त्री श्री मोदीलाई “डोमिनिका अवार्ड अफ अनर” प्रदान गरिने निर्णय भएको हो। डोमिनिकाकी राष्ट्रपति सुश्री सिलवेनी BARTEN ले 19 देखि 21 नोभेम्बरसम्म गयानामा हुने CARIBIAN  समुदाय र साझा बजार शिखर सम्मेलनमा यो सम्मान प्रदान गर्नु हुनेछ। डोमिनिकाका प्रधानमन्त्री कार्यालयका अनुसार भारतले महामारीको समयमा डोमिनिकालाई ASTRAGENEKA खोपका 70 हजार डोज आपूर्ति गरेको थियो। प्रधानमन्त्री श्री मोदीको नेतृत्वमा भारतले स्वास्थ्य, शिक्षा, र सूचना प्रविधिमा डोमिनिकालाई सहायता पुर्याउँदै जलवायु-अनुकूल निर्माण र दिगो विकासमा समेत महत्वपूर्ण योगदान दिएको छ। डोमिनिकाका प्रधानमन्त्री श्री रूजवेल्ट ESKARIT ले यो सम्मान श्री  मोदीप्रति कृतज्ञताको प्रतीक भएको बताउनुभएको छ।  श्री ESKARIT ले दुई देशबीचको सम्बन्धलाई अझ प्रगाढ बनाउन र प्रगति तथा अनुकूलताको साझा दृष्टिकोणलाई अघि बढाउन आफूहरू उत्सुक रहेको बताउनु भएको छ।

**जनजातीय गौरव दिवसको अवसरमा राष्ट्रपतिले सन्देश दिनुहुने अनि  प्रधानमंत्रीले विकास योजनाहरूको उद्घाटन गर्नुहुने;**

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु जनजातीय गौरव दिवसको पूर्व सन्ध्यामा आज साँझ 8 बजे राष्ट्रका नाममा सन्देश दिनुहुनेछ। आकाशवाणीको दिल्ली केन्द्रले राष्ट्रपतिका सन्देशलाई इन्द्रप्रस्थ, आकाशवाणी लाइव न्यूज 24x7, एफएम गोल्ड र एफएम रेनबो च्यानलहरूमा प्रसारण गर्नेछ। भगवान बिरसा मुंडाको जयन्तीको अवसरमा भोलि देशभरि जनजातीय गौरव दिवस मनाइनेछ। यस दिन देशको इतिहास र संस्कृति सन्देशमा जनजातीय समुदायको योगदानलाई सम्मानित गरिन्छ। राष्ट्रपतिका सन्देशको पुनः प्रसारण भोलि बिहान 8 बजेर 45 मिनेट र साँझ 5 बजेर 30 मिनेटमा सबै प्राइमरी च्यानलहरू, स्थानिय रेडियो स्टेसनहरू, एफएम गोल्डका सबै च्यानलहरू र एफएम रेनबो नेटवर्कमा हुनेछ।

प्रधानमन्त्री श्री नरेन्द्र मोदी भोलि बिहारको जमुईमा जनजातीय मन्त्रालयको जनजातीय गौरव दिवस समारोहमा सहभागी हुनुहुने छ। श्री मोदीले भगवान बिर्सा मुंडाको सम्मानमा एक स्मारक सिक्का र डाक टिकटको अनावरण गर्नुहुनेछ। प्रधानमन्त्रीले यस अवसरमा आदिवासी समुदायहरूको उत्थान तथा क्षेत्रका ग्रामीण तथा सुदुर क्षेत्रमा आधारभूत संरचनाको सुधारका लागि 6 हजार 640 करोड रुपैयाँभन्दा बढी रकमका विभिन्न विकास परियोजनाहरूको उद्घाटन र शिलान्यास पनि गर्नुहुनेछ।

**43औं भारत अन्तर्राष्ट्रिय व्यापार मेला दिल्लीमा आजबाट सुरु; मेलामा चीन इजिप्ट र अन्य 11 देश सहभागी**

43 औं भारत अन्तर्राष्ट्रिय व्यापार मेला नयाँ दिल्लीको भारत मण्डपममा प्रारम्भ भएको छ। वाणिज्य तथा उद्योग मन्त्री श्री पियूष गोयलले 14 दिनसम्म चल्ने यस कार्यक्रमको उद्घाटन गर्नुभएको हो। यस वर्षको मेलाको विषय "विकसित भारत @-2047" रहेको छ। यस वर्ष झारखण्ड विशेष ध्यानको राज्य हुनेछ भने बिहार र उत्तर प्रदेश सहभागी राज्य रहनेछन्। कार्यक्रममा विभिन्न देशहरूको सहभागिता रहेको छ। यस वर्ष 11 देशले अन्तर्राष्ट्रिय मेलामा भाग लिएका छन्, जसमा चीन, Egypt इरान, दक्षिण कोरिया, थाइल्याण्ड, टर्की र संयुक्त अरब इमिरेट्स सामेल छन्। मेला आजदेखि प्रारम्भ भएर पहिलो 5 दिनसम्म व्यापारीहरूका लागि खुला हुनेछ, र 18 नोभेम्बरदेखि 27 नोभेम्बरसम्म आम सर्वसाधारणका लागि खुला हुनेछ। मेलाको उद्घाटन गर्दै श्री पियूष गोयलले यस प्रकारका आयोजना वर्षमा दुई पटक गर्नुपर्ने आवश्यकता रहेको बताउनु भयो।उहाँले भारत व्यापार प्रवर्द्धन संगठनको विस्तार गर्दै यसलाई अखिल भारतीय संगठनको रूप दिने सरकारको सोच रहेको बताउनुभयो। मन्त्रीले विश्वका अन्य क्षेत्रमा भारतको आफ्नै मेला आयोजना गर्ने र अन्तर्राष्ट्रिय साझेदारहरूलाई सहभागिताको निमन्त्रणा दिने आवश्यकता रहेको पनि बताउनुभयो।

**महाराष्ट्रमा चुनाव प्रचार तिव्र गतिमा; सबै पार्टीका वरिष्ठ नेता अहिले आफ्नो उम्मेदवारका लागि मैदानमा ओर्लिएका छन्**

महाराष्ट्रमा विधानसभा चुनावको लागि प्रचार तीव्र भएसगै राज्यमा राजनीतिक गतिविधिहरू बढिरहेका छन्। सबै प्रमुख राजनीतिक दलका वरिष्ठ नेता आफ्नो उम्मेदवारहरूको समर्थनमा विभिन्न स्थानहरूमा चुनाव प्रचार गरिरहेका छन्। यसमा, भाजपा का वरिष्ठ नेता तथा प्रधानमन्त्री श्री नरेन्द्र मोदीले पनिआज चुनाव प्रचार गर्नुभएको छ। त्यस्तै, कंग्रेस नेता श्री राहुल गांधी पनि चुनाव प्रचारको लागि मैदानमा हुनुहुन्छ। प्रधानमन्त्री श्री मोदीले महाराष्ट्रलाई 'विकसित भारत' को दिशामा नेतृत्व गर्ने आवश्यकता बारे चर्चा गर्दै मराठवाड़ा क्षेत्रमा 70 हजार करोड रुपैयाँको निवेश सम्झौतामा हस्ताक्षर भएको जानकारी दिनुभएको छ। कंग्रेस अध्यक्ष श्री मल्लिकार्जुन खरगेले पनि इगतपुरीमा रैलीलाई सम्बोधन गर्नुभएको थियो।

**breaking Barrier र brezzing gaps को नाराको साथ आज पालन भयो विश्व मधुमेह दिवस**

आज विश्व मधुमेह दिवस हो। मधुमेह विश्वव्यापी रूपमा लाखौं मानिसहरूलाई असर गर्ने सार्वजनिक स्वास्थ्य चुनौती हो। मधुमेहको रोकथाम, प्रारम्भिक निदान, प्रभावकारी व्यवस्थापन र यस रोगका बारेमा जनतालाई सचेत गराउनका लागि व्यापक पहल गर्नुपर्ने आवश्यकतालाई उजागर गर्ने उद्देश्यले हरेक वर्ष 14 नोभेम्बर मा विश्व मधुमेह दिवस मनाइन्छ । यस वर्षको विश्व मधुमेह दिवसको नारा 'breaking Barrier र brezzing gaps रहेको छ । यस थिमको अर्थ मधुमेह भएका प्रत्येक व्यक्तिको उच्च गुणस्तरीय उपचारमा पहुँच सुनिश्चित गर्दछ र हेरचाहमा असमानता हटाउन सरकार, स्वास्थ्य संस्था र समुदायहरू बीचको सहकार्यमा जोड दिन्छ। यी विषयवस्तुले मधुमेहका जोखिम कारक-हरूलाई मात्र न्युनिकरण गर्नका लागि एकीकृत दृष्टिकोणको लागि आह्वान गर्दछ र यस अवस्थाबाट पीडित व्यक्तिहरूलाई निरन्तर सहयोग पनि प्रदान गर्दछ। इन्डियन काउन्सिल अफ मेडिकल रिसर्च-आईसीएमआर इन्डिया-बीले 2023 मा प्रकाशित गरेको अध्ययन अनुसार भारतमा करिब 10 करोड मानिस मधुमेहबाट पीडित छन्।